# आठविसकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रुकुम
## ६ नं. प्रदेश, नेपाल

मोवाइल नं. : ९७४१३८९९६१

इमेल : rambdr.kc90@gmail.com


मिति :- २०७४/१०/१४

## विभिन्न विषयको सीपमूलक तालिमको लागि आवेदन माग सम्बन्धी सूचना

(प्रकाशित मिति :-२०७४/१०/१४)

यस नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेख भए बमोजिम सीपमूलक तालिममा सहभागी हुन इच्छुक नगरपालिकाभित्रका व्यक्तिहरुले सूचना प्रकाशन भएको मितिले सात(७) दिनभित्र नगरपालिका कार्यालयमा आवश्यक कागजातहरु सहित दरखास्त दिनु हुन अनुरोध छ ।

तपसिल

| क्र.स. | तालिमको किसिम | आवश्यक संख्या | न्यूनतम शैक्षिक योग्यता | तालिमको अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १. | Basic Computer Course | २८(अट्ठाईस) जना | एस.एल.सी./एस.इ.इ वा सो सरह | ३(तीन) महिना | महिला मध्येबाट प्रत्येक वडाबाट २/२ जना |
| २. | Driving | १४(चौध) जना | साधारण लेखपढ | ३(तीन) महिना | आदिवासी जनजाति मध्येबाट प्रत्येक वडाबाट १/१ जना |
| ३. | सिलाईकटाई | २८(अट्ठाईस) जना | साधारण लेखपढ | ३(तीन) महिने | महिला, अपांगता भएका व्यक्ति, विपन्न वर्गको प्रतिनिधित्व हुने गरी प्रत्येक वडाबाट २/२ जना |

१. आवेदकले नागरिकता प्रमाणपत्रको प्रतिलिपि, न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, कुनै व्यवसायमा आवद्ध भएको भए वा यो भन्दा अघि यस्तै प्रकारको तालिम लिएको भए सोको प्रमाणपत्रको प्रतिलिपि सहित नगरपालिकाले तोकेको ढाँचामा आवेदन सूचना प्रकाशन भएको मितिले सात(७) दिनभित्र नगरपालिका कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

२. आवेदनकासाथ सम्बन्धित वडा कार्यालयको सिफारिस समेत संलग्न गर्नुपर्नेछ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

आठविसकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रुकुम
६ नं. प्रदेश, नेपाल

मोवाइल नं. : ९७४१३८९९६१
इमेल : rambdr.kc90@gmail.com

मिति :- २०७४/१०/१४

३. विपन्नको हकमा वडा कार्यालय वा सम्बन्धित अन्य निकायले दिएको विपन्नता प्रमाणित प्रमाणपत्र समावेश गर्नुपर्नेछ ।

४. अपांगको हकमा सम्बन्धित निकायले दिएको अपांगता परिचयपत्रको प्रतिलिपि समावेश गर्नुपर्नेछ ।

५. म्याद नाघि आएका आवेदन उपर कुनै कारवाही हुने छैन ।

६. तालिममा भाग लिने व्यक्तिहरुलाई खाना तथा खाजाको व्यवस्था समेत गरिएको छ ।

...............................

नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत